कार्यपालिकाको बैठक संख्याः-७६

आज मिति २०८२/०३/०१ गतेका दिन यस मालिका गाउँपालिकाका अध्यक्ष श्री देविराम अर्याल ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा निम्न प्रस्तावहरुको सम्बन्धमा व्यापक छलफल गरी निर्णयहरु पारित गरियो ।

उपस्थितिः-

| क्र.सं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री देविराम अर्याल | |
| २. | उपाध्यक्ष | श्री उपेन्द्र अर्याल | |
| ३. | वडा अध्यक्ष | श्री दीपक श्रीस | |
| ४. | वडा अध्यक्ष | श्री विनोद श्रीस | |
| ५. | वडा अध्यक्ष | श्री ज्ञान कुमार वुढा | |
| ६. | वडा अध्यक्ष | श्री नारायण प्रसाद अर्याल | |
| ७. | वडा अध्यक्ष | श्री रेखा कुमार जि.सी. | |
| ८. | वडा अध्यक्ष | श्री दिपक भन्डारी | |
| ९. | वडा अध्यक्ष | श्री हिरा वहादुर कार्की | |
| १० | वडा अध्यक्ष | श्री सूर्य वहादुर घर्ती क्षेत्री | |
| ११. | कार्यपालिका सदस्य | श्री अन्जु सुनार | |
| १२. | कार्यपालिका सदस्य | श्री तुलविर कामी | |
| १३. | कार्यपालिका सदस्य | श्री दिपा गिरी महतरा | |
| १४. | कार्यपालिका सदस्य | श्री लक्ष्मी खत्री | |
| १५. | कार्यपालिका सदस्य | श्री सकुन्तला पन्थी | |
| १६. | कार्यपालिका सदस्य | श्री कमल सुनार | |
| १७. | सदस्य सचिव प्र.प्र.अ. | श्री ओम व. भण्डारी मगर | |
| १८. | का.स. | श्री राम प्रसाद अर्याल | |

आमन्त्रित

१. इन्जिनियर श्री. विष्णु अर्याल

२. गा.पा. १० प्रेम क्षेत्री

३. पत्रिका अर्याल

४. ठकुराम पोखेल

प्रस्तावहरु:-

१. गाउँसभाको वैठक आव्हान सम्बन्धमा,
२. स्थानीय कृषि विकास योजना तथा रणनीति पारित गर्ने सम्वन्धमा,
३. रोजगार रणनीतिक योजना निर्माण सम्बन्धमा,
४. पञ्चवर्षीय आवधिक गाउँ शिक्षा योजना पारित गर्ने सम्वन्धमा,
५. बार्षिक नीति तथा कार्यक्रमको लागि सुझाव संकलन सम्बन्धमा,
६. जिम्मेवारी बाँडफाँड सम्बन्धमा,
७. स्थानीय कानून सहायता नीति तर्जुमा सम्बन्धमा,
८. स्टक्चरमा लागेको खर्च २ गाउँपालिकाले व्यहोर्ने सम्बन्धमा,
९. स्पस्टिकरण सोध्ने सम्बन्धमा
१०. शिक्षक श्री कृष्ण चन्द्र अर्यालको काज सरुवाको निर्णय अनुमोदन सम्वन्धमा
११. वडा कार्यालयहरुलाई फाइल पेश गर्न लगाउने सम्बन्धमा
१२. विभिन्न योजनाहरुको रकम भुक्तानी सम्बन्धमा

वैठकले गरेका निर्णयहरु:-

| क्र.सं. | प्रस्ताव पेश गर्ने शाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रशासन शाखा | गाउँसभाको वैठक आव्हान सम्बन्धमा छलफल गरी २०८२ साल आषाढ ६ गते शुक्रवारका दिन दिउँसो ठिक २.१५ बजे गाउँसभाको वैठक आव्हान गर्ने निर्णय गरियो। |
| २. | कृषि शाखा | गाउँपालिकाद्वारा कृषि विकासको लागि आवश्यक स्थानीय कृषि विकास योजना तथा रणनीति कृषि शाखाबाट तयार भई पेश हुन आएकोले उक्त स्थानीय कृषि विकास योजना तथा रणनीतिका सम्बन्धमा छलफल गरी पारित गर्ने निर्णय गरियो। |
| ३. | रोजगार शाखा | गाउँपालिकामा रोजगारी सिर्जना गर्ने, रोजगारीलाई व्यवस्थित वनाउने र समग्र रोजगारीको अवस्था एकिन गर्ने कार्य प्रयोजनार्थ यस गाउँपालिकाको रोजगार रणनीतिक योजना निर्माणको लागि आवश्यक प्रकृया अगाडी वढाउनको लागि रोजगार संयोजकलाई अनुमति दिने निर्णय गरियो। |

| | | |
|---|---|---|
| ४. | शिक्षा शाखा | गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुको समग्र पक्षको व्यवस्थापन गरी शैक्षिक गुणस्तरमा वढोत्तरी ल्याउनको लागि आवश्यक पञ्चवर्षिय आवधिक गाउँ शिक्षा योजना (२०८१/०८२-०८५/०८६)का सम्बन्धमा छलफल गरी पारित गर्ने निर्णय गरियो। |
| ५. | प्रशासन शाखा | गाउँपालिकाले अनुसरण गर्ने आ.व.२०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रमका सम्बन्धमा सुझाव संकलन गर्ने उदेश्य अनुरुप यही मिति २०८२/०३/०४ गतेका दिन यस गाउँपालिका क्षेत्रभित्रका सरोकारवालाहरुको उपस्थितिमा सुझाव संकलन सम्बन्धी वैठक/कार्यक्रमको आयोजना गर्ने निर्णय गरी सरोकारवालाहरुलाई उपस्थितिको लागि पत्राचार/सूचना सम्प्रेषण गर्न प्रशासन शाखालाई निर्देशन दिने निर्णय गरियो। |
| ६. | प्रशासन शाखा | तत्काल शुरु हुन गइरहेको गाउँसभा वैठकको पूर्व तयारीको लागि जिम्मेवारी वाँडफाँड सम्बन्धमा छलफल गरी तपसिलको कार्यक्रमको लागि तपसिलका कर्मचारीहरु रहने गरी जिम्मेवारी प्रदान गर्ने सम्बन्धमा निर्णय गरियो।<br>**१.नीति तथा कार्यक्रम तयारी समिति**<br>क) संयोजकः-श्री गोपाल वहादुर सेन ओली<br>ख) सदस्यः- श्री भूम वहादुर घर्ति<br>ग) सदस्यः- श्री विष्णु अर्याल<br>घ) सदस्य श्री वसन्त भट्टराई<br>**२.सभा सञ्चालन सचिवालय समिति**<br>क) संयोजक श्री जगत वहादुर पौडेल<br>ख) सदस्य श्री पवित्रा सत्याल<br>ग) सदस्य श्री झपिन्द्र घिमिरे<br>घ) सदस्य श्री सुरेश अर्याल<br>**३. सभाकक्ष व्यवस्थापन समितिः-**<br>क) संयोजक श्री वावुराम पोखरेल<br>ख) सदस्य श्री नरेश के.सी.<br>ग) सदस्य श्री मिरा पौडेल<br>घ) सदस्य श्री हिमा घर्ती<br>ङ) सदस्य श्री निलम आचार्य<br>च) सदस्य श्री दिव्या पौडेल<br>छ) सदस्य श्री राम प्रसाद अर्याल |

CamScanner

| | | |
|---|---|---|
| ७. | न्यायिक समिति | गाउँपालिकामा न्याय सम्पादनको लागि आवश्यक स्थानीय कानून सहायता नीति हालसम्म तर्जुमा नगरिएको/नभएको हुँदा उक्त स्थानीय कानून सहायता नीति तर्जुमा गरी गाउँ कार्यपालिकाको बैठकमा पेश गर्नको लागि उजुरी प्रशासक श्री पुनाराम घिमिरेलाई अनुमति दिने निर्णय गरियो। |
| ८. | न्यायिक समिति | फूलवारी पक्की पूल निर्माणमा भएको मुद्दा मामिलाका सम्बन्धमा पुनरावेदन भएकोमा पुनरावेदन अदालतको टोली पुल निर्माण स्थलमा खटिई दुवै पक्षलाई भेला गराइ मेलमिलाप गरेको र मेलमिलाप गर्दा स्टक्चर निर्माण गर्ने सहमति भएको र उक्त स्टक्चर निर्माणमा भएको खर्च दुवै(मालिका र इस्मा) गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो। |
| ९. | प्रशासन शाखा | गाउँ कार्यपालिकाको निर्णयानुसार अर्जे मा.वि. अर्जेमा कार्यरत वाल विकास शिक्षिका श्री सिता भण्डारीलाई अर्जे मा.वि. बाट मालिका -७ घमिरको बाँसखोला बालविकास केन्द्रमा दरवन्दी सहित सरुवा गरिएकोमा निज हालसम्म विना कुनै जानकारी सरुवा गरिएको विद्यालयमा हाजिर नभएकोले निज के कति कारणले विना जानकारी विद्यालयमा अनुपस्थित भएको हो सो सम्बन्धमा चित्तवुझ्दो जवाफ/स्पस्टिकरण माग गर्नुको साथै मालिका-५ छापहिलेमा रहेको सूर्योदय प्रा.वि.मा दरवन्दी सहित सरुवा गर्ने गरियो। अर्जे मा.वि. अर्जेमा कार्यरत प्रा.वि. प्रथम तहका शिक्षक श्री वुद्धि प्रकाश भण्डारीले सामाजिक सञ्जालमा अति नै अमर्यादित र गैर जिम्मेवारपूर्ण अभिव्यक्ति व्यक्त गरेको विषयमा यस गाउँपालिकाको ध्यान आकर्षण भएको हुँदा उक्त अमर्यादित र गैर जिम्मेवारपूर्ण अभिव्यक्ति व्यक्त गर्नाको स्पस्टिकरण सोध्ने निर्णय गरियो। |
| १० | शिक्षा शाखा | रानीपोखरी आ.वि. मालिका-६ अर्जेमा कार्यरत शिक्षक श्री कृष्ण चन्द्र अर्याललाई मालिका गाउँपालिकाको वडा नं.-५ छापिहिलेमा रहेको सूर्योदय प्रा.वि.मा दरवन्दी सहित सरुवा गरिएको तर मालिका -७ घमिरमा रहेको बाँसखोला बालविकास केन्द्रमा सरुवा हुनु भएकी शिक्षिका श्री सिता भण्डारी हाजिर नभएको कारण शिक्षण सिकाइलाई निरन्तरता दिनको लागि श्री सुर्योदय प्रा.वि. मालिका-५ मा दरवन्दी सहित सरुवा भएका शिक्षक श्री कृष्ण चन्द्र अर्याललाई बाँसखोला वालविकास केन्द्रमा तत्काल दरवन्दी सहित सरुवा गर्ने निर्णय गरियो। |
| ११. | लेखा शाखा | चालु आ.ब.को अन्तिम महिना शुरु भएको हुँदा वडा स्तरिय कार्यक्रमहरुको भुक्तानीका सम्बन्धमा २०८२/०३/१० गते सम्म वडा सचिवहरुलाई गाउँपालिकामा फाइल पेश गर्न लगाउने र निर्माण व्यवसायीहरुबाट सञ्चालित योजनाहरुको हकमा २०८२/०३/१५ गतेसम्म कार्य सम्पन्न गरी फाइल पेश |

| | | |
|---|---|---|
| | | गर्न लगाउने र २०८२ आषाढ २१ गते भित्रै भुक्तानी गरिसक्ने सम्बन्धमा निर्णय गरियो। |
| १२. | योजना शाखा | यस गाउँपालिकाद्वारा सञ्चालित तपसिलका आयोजनाहरु/कार्यक्रमहरुको कार्य सम्पन्न भएको हुँदा निर्माण व्यवसायी /उ.स. बाट भुक्तान तपसिल अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो।<br>तपसिलः-<br>१.घोर्लेमेला भुसखात बोम मो.बा. वाल निर्माण अन्तिल विल रु.३४७७१९/-<br>२.दक्सुमारे हुल सिमलटारी मो.बा.स्तरोन्नती प्रथम विल रु.१६३४०९६/-<br>३.ओडारमुनी कुतलडाडा घ्यूखोला चिसापानी खण्ड सडक स्तरोन्नती अन्तिम विल वापतको रकम रु.१९३०३५३/-<br>४. फूलवारी चोरकाटे अर्जै बोम नेटा भिमगिठे सडक निर्माण अन्तिम विल भुक्तानी रकम रु.६३,९३,९००/-<br>५.गाउँपालिकाको लागि औषधि खरिद भुक्तानी रु.४,५७,१२२/-<br>६.पोस्ट हार्भेस्ट सेन्टर मर्मत तथा व्यवस्थापन मालिका ४ अर्खावाङ्ग रु.५४२५६/-<br>७. योजना अनुगमन तथा ल.ई. तयारी र विवाद समाधानमा जाँदा मालिका-७ घमिरमा रहेको लक्ष्मी होटलमा खाना तथा खाजा खाएको रकम रु.६९४५०/-<br>८.प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत श्रमिकको लागि सामान खरिद वापत सरलयन्त्र प्रा.ली. बुटवललाई भुक्तानी रु.७१५२४/-<br>९.रेसुङ्गा डिजि ल्यावमा सामग्री खरिद वापत रु.३८२६७/-<br>१०. टेकंयुथ प्रा.ली. तम्घासबाट सामान खरिद रु.१०७५५/-<br>११. अन्य स्मार्ट डिजायन,चाहाना भाडा पसल र न्यू लक्ष्मी स्टोरलाई सामान खरिद वापत रु.१३४९४/-<br>१२.गुल्मेली अधिकृत समाजलाई रु.५०००/- |